# त्रि. अ. वि. ना. उ. का. मा गरिएको पत्रकार सम्मेलन सम्बन्धि सूचना

आज मिति २०७६/०५/३० गते सोमबार अपरान्ह ०४:३० बजे यस विमानस्थलको प्रेस रुममा त्रि. अ. वि. ना. उ. का. को आयोजनामा पत्रकार सम्मेलन गरियो। उक्त पत्रकार सम्मेलनमा विभिन्न मिडियाका पत्रकार मित्रहरु सहभागी हुनु भएको थियो।

पत्रकार सम्मेलनमा सर्बप्रथम विमानस्थलको सुरक्षा व्यवस्थाका विभिन्न पक्षहरु जस्तो Baggage screening, inner security system, outer security system लगायत विविध पक्षहरुको बारेमा विमानस्थल सुरक्षा प्रहरी गार्डका प्रमुख, प्रहरी नायव महानिरीक्षकश्री सुर्यप्रसाद उपाध्यायज्युले पत्रकारहरुलाई जानकारी गराउनु भयो।

सो पश्चात विमानस्थलमा हाल भैरहेका विभिन्न विकास निर्माणका सिभिल सम्बन्धि कार्यहरु, बुटिक एयरपोर्टका लागि भैरहेकार गरिने कार्यहरु, विभिन्न उपकरणहरु जान लगायतका विषयहरुमा त्रि. अ. वि. का महाप्रबन्धक श्री राजकुमार क्षेत्रिज्युले वृहत रुपमा पत्रकार मित्रहरुलाई जानकारी गराउनुभयो।

सो अवसरमा Baggage screening सम्बन्धि footage हरु, विकास निर्माणका भौतिक प्रगतिका clipsहरु समेत देखाइएको थियो।

उक्त पत्रकार सम्मेलनमा पत्रकारहरुले विमानस्थलमा भिआइपी मुभमेन्ट, बुटिक एयरपोर्टका प्रगति, स्तेरायल हाल भित्रको पसल संचालनलगायतका विषयहरुमा जिज्ञासा राखेका थिए। सो सम्बन्धमा महाप्रबन्धकज्यु तथा प्रहरी नायव महानिरीक्षकज्युले पत्रकारका जिज्ञासाका जवाफ दिनु भएको थियो। उक्त पत्रकार सम्मेलनमा त्रि. अ. वि. ना. उ. का. का विभागीय प्रमुखहरु महाशाखा प्रमुखहरु तथा विमानस्थल प्रहरीका प्रहरी उपरीक्षक समेतको उपस्थिति थियो।